# पर्यटन प्रवर्द्धन डकुमेन्ट्री तयारीको लागि कार्य क्षेत्रगत शर्त(Term Of Reference)

## १. पृष्ठभूमी

प्राकृतिक, भौगोलिक, धार्मिक र साँस्कृतिक विविधतायुक्त यस प्रदेशको पर्यटन उद्योग विकासका धेरै सम्भावनाहरु रहेका छन्। आन्तरिक पर्यटनका लागि पनि यो प्रदेश देशकै अग्रणी मानिन्छ। प्रदेश सरकारको दीर्घकालीन सोचमा पर्यटन क्षेत्रको विकास एवम् बृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान गर्ने रहेको छ। यस सोचलाई पुरा गर्न प्रदेशमा भएका पर्यटकीय अवसरहरुको पहिचान, विकास, बजारीकरण, प्रवर्द्धन र संरक्षण गर्ने प्रदेश सरकारको लक्ष्य प्रासिमा सहयोग पुऱ्याउन प्रदेश स्तरीय पर्यटन प्रवर्द्धन डकुमेन्ट्री महत्वपुर्ण माध्यम हुन सक्छ। यस प्रदेशमा रहेका पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार र पर्यटन प्रवर्द्धन गर्न भिडियो डकुमेन्ट्री एक महत्वपूर्ण माध्यम हुनेछ।

## २. कार्यक्रमको लक्ष्य

पर्यटकीय स्थानहरुको प्रचार प्रसार गरी पर्यटकको संख्या बृद्धि गर्न र पर्यटकीय क्रियाकलापको माध्यमले स्थानीय तथा प्रादेशिक अर्थतन्त्रमा योगदान पुऱ्याउने।

## ३. कार्यक्रमको उद्देश्य

- प्रदेश भित्रका पर्यटकीय गन्तब्यहरुको राष्ट्रिय तथा अन्तरार्ष्ट्रियस्तरमा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने।
- पर्यटकीय गन्तव्यहरुमा पर्यटकहरुको आवागमनमा बृद्धि गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने।
- पर्यटन प्रवर्द्धनका गतिविधिहरुलाई स्थानीय समुदायको सामाजिक र आर्थिक समृद्धिसँग आवद्ध गर्दै लैजाने।
- पर्यटकीय गन्तव्यहरुको पहिचान र अभिलेखिकरण गर्ने ।

## ४. कार्यक्षेत्र

डकुमेन्ट्रि निर्माणको क्षेत्र प्रदेशका १२ जिल्ला हुनेछ। १२ जिल्लामा रहेका देहाय बमोजिमका ऐतिहासिक, पुरातात्विक, धार्मिक र प्राकृतिक महत्वका सम्पदाहरु समेटनु पर्नेछ।

(१) नवलपरासी (बसुप)- रामग्राम स्तुपा, पण्डितपुर, त्रिवेणी नदी, पाल्ही भगवती

(२) रुपन्देही – लुम्बिनी र त्यस भित्रका मुख्य स्थानहरु, देवदह, गैडहवा ताल, गजेडी दानापुर ताल, जितगढी किल्ला, मर्चावरीमाई मन्दिर,

(३) कपिलवस्तु- तिलौराकोट, निग्लिहवा, गोटिहवा, कुदान, अरौराकोट, लम्बुसागर ताल, सिसहनियाकोट, जगदिशपुर ताल, तौलेश्वरनाथ मन्दिर,

(४) अर्घाखाँची – सुपादेउराली, पाणिनी तपोभूमि, अर्घा दरवार, नरपानी,

(५) गुल्मी- रेसुङ्गा, विचित्र गुफा, रुरु क्षेत्र, उनायचौर ट्रि हाउस, कफि अनुसन्धानशाला भण्डारीडाँडा

(६) पाल्पा- रानीमहल, तानसेन श्रीनगर डाँडा, पाल्पा दरबार संग्रहालय, भैरवस्थान मन्दिर, सिद्धबाबा मन्दिर, रामापिथेकस पार्क,

(७) दाङ- धारापानी (पाण्डवेश्वर धाम), बाह्रकुने दह, चखौरा थारु संग्रहालय, अम्बिकेश्वरी मन्दिर, पुरन्धारा झरना, जखेरा ताल

(८) बाँके-बाँके राष्ट्रिय निकुन्ज, जयबागेश्वरी मन्दिर, ढकेरी वनस्पति उद्यान

(९) बर्दिया- बर्दिया राष्ट्रिय निकुन्ज, बढैया ताल, कृष्णसार संरक्षित क्षेत्र,

(१०) रोल्पा-जलजला, युद्ध संग्रहालय, रक गार्डेन

(११) पूर्वी रुकुम- कमल दह, तातोपानीका मुहान र सिस्ने हिमाल, ढोरपाटन सिकार आरक्ष, तकसेरा

(१२) प्यूठान-स्वर्गद्वारी, गौमुखी, भित्रीकोट दरबार, मल्लरानी,

## ५. परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यहरु :-

| सम्पादन गर्नुपर्ने कार्यहरु | कार्यबोझ |
|---|---|
| १.गन्तव्यगत रुपमा तोकिएका ५८ वटा गन्तव्यहरुको प्रत्येकको १ मिनेट सम्मको भिडियो क्लिप निर्माण | ४० |
| २.जिल्लागत रुपमा तोकिएका पर्यटकीय स्थलहरु समेटिएको ५ मिनेट सम्मको भिडियो निर्माण | ३० |
| ३. प्रदेशको सबै जिल्लाका महत्वपूर्ण पर्यटकीय स्थलहरु समेटी १०-१५ मिनेटको भिडियो निर्माण | ३० |

## ६.कार्य सम्पादन गर्ने विधी (methodology)

### ६.१ फिल्ड जानु पहिले

डकुमेन्ट्रीको लागि स्पष्ट कार्ययोजना र उपलब्ध स्रोत साधनको विस्तृत विवरण तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

### ६.२ फिल्डमा गर्नुपर्ने कार्य र विधी

तोकिएका सबै जिल्लामा सबै स्थानमा सेवा प्रदायक टोली पुगी उक्त टोलीले नै भिडियो छयाङ्कन गर्नुपर्नेछ। छलफल, प्रश्नोत्तर जस्ता विधि प्रयोग गरी तथ्याङ्क संकलन गर्न सकिनेछ।

### ६.३ फिल्ड कार्य पश्चात गर्ने कार्य र विधी

अन्तरक्रिया, गोष्ठी र प्रश्नोत्तर जस्ता विधि प्रयोग गर्न सकिनेछ।

यस TOR मा उल्लेखित विधी सुझावको लागी राखीएको छ। अध्ययन टोलीले अझै परिस्कृत विधी उल्लेख गरेमा र मन्त्रालयले उपयूक्त ठाने पश्चात उक्त विधी मान्य हुनेछ ।

## ७. अनुगमन र सहजीकरण

सम्बन्धित कार्यको गुणस्तर नियन्त्रण गर्न मन्त्रालयबाट कामको आवश्यक अनुसार टोली खटाईने छ। परामर्श दाताको Field टोलीले मन्त्रालय सँगै नियमित सम्पर्कमा रही कार्यगर्नुपर्ने छ र मन्त्रालयवाट खटिने टोलीले सचिव र महाशाखा प्रमूखलाई नियमित रिपोटिङ्ग गर्नुपर्नेछ ।

## ८. मन्त्रालयले गर्ने सहयोग :

मन्त्रालयले मातहतका कार्यालयहरुसँग समन्वय र भएका तथ्याङ्क/प्रकाशनहरु उपलब्ध गराउन समन्वय गरिदिनेछ। यातायातखर्च, वास खर्च लगायत अध्ययनसँग लाग्ने सम्पुर्ण खर्च परामर्शदाताले नै व्यहोर्नु पर्नेछ।

## ९. परामर्श दाताले पेश गर्नुपर्ने प्रतिवेदनहरु र अन्य विषयहरु

### ९.१ प्रारम्भिक प्रतिवेदन (Inspection report)

- डकुमेन्ट्रीको स्कृप्ट
- अध्ययनको अन्तिम विधी
- प्रारम्भिक जानकारीहरु
- फिल्डको समय तालिका र समग्र कामको तालिका

### ९.२ फिल्ड प्रतिवेदन

- संकलन गरिएका तथ्याङ्क
- फिल्ड फोटो र भिडियोहरु

### ९.३ मस्यौदा प्रतिवेदन

कार्यक्रमको उद्देश्य वमोजिम संकलित तथ्याङ्कको विश्लेषण सहित सि.नं. ५ मा उल्लेखित सवै विषयहरु समेटीएको मस्यौदा प्रतिवेदन मन्त्रालयका सुझावको लागी पेश गर्नुपर्नेछ।

### ९.४ कार्यशाला गोष्ठी

मन्त्रालयवाट प्राप्त सुझावलाई समेत समेटी तयार भएको अन्तिम मस्यौदा प्रतिवेदनलाई परामर्शदाताले मन्त्रालय र सरोकारवालाको उपस्थितीमा कार्यशाला गोष्ठीको आयोजना गरी डकुमेन्ट्री प्रस्तुती गरी सुझाव संकलन गर्नुपर्नेछ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

सचिव

### ९.५ अन्तिम प्रतिवेदन

डकुमेन्टीको भोल्यूम, पिक्चर क्वालिटि, रिजोलुसन, समयाविधि र त्यसमा प्रयोग हुने स्कृप्टलाई मध्यनजर गरी देहाय बमोजिमको डकुमेन्ट्रि निर्माण गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

क) प्रदेशका सबै जिल्लालाई समेटेर १०-१५ मिनेटको डकुमेन्ट्री निर्माण गरी पेश गर्नु पर्नेछ।

ख) भिडियो डकुमेन्ट्रीहरु जिल्लागत रुपमा १२ वटै जिल्लाको अलग-अलग बढीमा ५ मिनेटको हुनुपर्नेछ।

ग) प्रत्येक जिल्लाको तोकिएका प्रत्येक पर्यटकीय स्थलहरुको १ मिनेट सम्मको भिडियो क्लिप हुनुपर्नेछ।

घ) भिडियो डकुमेन्ट्रीमा न्यारेसन नेपालीमा स्पष्ट बुझिने र पार्श्वस्वर कर्णप्रिय आवाजमा हुनुपर्नेछ। न्यारेसनमा बोलेका बिषय क्याप्सन/सबटाइटल अंग्रेजीमा लेखिएको हुनुपर्नेछ।

ङ) छायाकंन गरिएको (रफ) सामग्री सबै र भिडियो डकुमेन्ट्रीको गुणस्तर (रेजुलेसन) नघटाइएको कपी हार्डडिक्स मार्फत उपलब्ध गराउनु पर्नेछ।

च) भिडियो क्लिप अनुसार नाम उल्लेख गरिएको हुनुपर्नेछ ।

छ) मन्त्रालयमा अन्तिम प्रतिवेदन पेश गर्नु भन्दा पहिला समग्र डकुमेन्ट्रीको प्रस्तुति गरी प्रास राय/सुझाव समेटी परिमार्जन गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

ज) अन्तिम भिडियो डकुमेन्ट्रीको प्रत्येक जिल्लाको र माथि उल्लेख गरिए अनुसार अलग-अलग डिभिडि २/२ कपी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

झ) डकुमेन्ट्री सम्बन्धी सामग्री प्रतिलिपि अधिकार विपरीत हुनु हुँदैन र सेवा प्रदायकले यस TOR बमोजिम तयार गरेको डकुमेन्ट्रीको सर्वाधिकार यस मन्त्रालयको हुनेछ।

### १०. समय सिमा :

यस कार्यको लागी कूल ३ महिना समय तोकिएको छ। परामर्शदाताले निम्न समय सिमामा निम्न मुख्य कार्य सम्पादन गर्नुपर्नेछ ।

| सि.नं. | कार्य प्रगती सुचक | समय सिमा |
|---|---|---|
| १ | प्रारम्भिक प्रतिवेदन पेश | सम्झौताको मितिले १५ दिन भित्र |
| २ | फिल्ड प्रतिवेदन पेश | सम्झौताको मितिले ३० दिन भित्र |
| ३ | मस्यौदा प्रतिवेदन पेश | सम्झौताको मितिले ६० दिन भित्र |
| ४ | अन्तिम प्रतिवेदन पेश | सम्झौताको मितिले ९० दिन भित्र |

### ११.मुख्य जनशक्ति, जनशक्तिको योग्यता रउपलब्ध गराउनु पर्ने समय

परामर्शदाताले कार्यसम्पादनको लागी निम्न जनशक्तिको टिम सम्झौता मितिले ३ महिनाको लागि उपलब्ध हुने सुनिश्चिता गर्नुपर्नेछ ।

| क सं | मानवस्रोतको विवरण | योग्यता र अनुभव |
|---|---|---|
| १ | कार्यक्रम निर्देशक | फिल्म मेकिङ विषयमा अध्ययन वा तालिम गरी कम्तिमा ३ वर्ष सम्बन्धित विषयमा काम गरेको अनुभव भएको। |
| २ | सिनेमाटोग्राफर | कम्तिमा ३ वर्ष सम्बन्धित फिल्डमा काम गरेको। |
| ३ | प्रोडक्शन म्यानेजर | कम्तिमा ३ वर्ष काम गरेको । |
| ४ | लाइटम्यान र ध्वनी नियन्त्रक | सम्बन्धित विषयमा तालिम लिई कम्तिमा ३ वर्ष सम्बन्धित विषयमा काम गरेको । |
| ५ | स्कृप्ट राइटर | कम्तिमा ३ वर्ष सम्बन्धित विषयमा काम गरेको |
| ६ | ड्रोन प्राविधिक र फोटोग्राफर | सम्बन्धित विषयमा तालिम लिई कम्तिमा ३ वर्ष सम्बन्धितविषयमा काम गरेको । |

१२. परामर्श दाता संस्था/फर्म/कम्पनीको वान्छनीय योग्यताः

प्रस्ताव गरेको काम सँगै मिल्ने समान प्रकृतीको कामको कम्तीमातीन वर्षको अनुभव भएको परामर्शदाता हुनुपर्दछ । उक्त कागजातका अतिरिक्त परामर्श दाताले प्रस्ताव साथ निम्न कागजात पेश गर्नुपर्नेछ ।

- प्रस्ताव सम्बन्धी आवेदन
- संस्थाको उद्देश्य र लक्ष्यहरु
- संस्थाको कानूनी दस्तावेज (दर्ता, नविकरण, भ्याट दर्ता, कर चुक्ता)
- विगत ३ वर्षमा भएको कारोवारको विवरण
- कामसँग सम्वन्धित भौतिक संरचना औजार उपकरणहरुको उपलब्धता
- संस्था, कालो सूचीमा नपरेको स्वघोषित पत्र
- प्रस्ताव गरेका विज्ञहरुको सहमती पत्र, सोही समयमा अन्यत्र कार्य नगर्ने स्वघोषणा र व्यक्तीगत विवरण (CV)

१३. सेवा प्रदायकको छनौट प्रकृया :

(क) प्रस्ताव माग गरिने :-

पन्ध्र दिनको सुचना दिई प्राविधिक र आर्थिक प्रस्तावनाहरु अलग अलग शिलवन्दी गरी पेश गर्नुपर्नेछ । प्राविधिक र आर्थिक प्रस्तावको ढाचाँ अनुसुची (१) र अनुसुची (२) वमोजिम हुनेछ ।

(ग) प्रस्तावको छनौट :-

सि.नं. १३(क) वमोजिम पर्न आएका प्रस्तावनाहरुको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली

२०३४ मा उल्लेखित प्रावधानहरुको आधारमा रही मूल्याङ्कन गरिने छ। पहिले प्राविधीक प्रस्ताव मूल्याङ्कन गरेर मात्र आर्थिक प्रस्तावको मूल्याङ्कन गरिनेछ। प्राविधीक प्रस्तावको मूल्याङ्कन भार ८० % र आर्थिक प्रस्तावको मूल्याङ्कन भार २०% हुनेछ । मूल्याङ्कनमा सबैभन्दा बढी प्राप्त गर्ने प्रस्तावदातालाई यस कार्यका लागी छनौट गरिनेछ ।

**१४. कार्यक्रमको लागी वजेट**

यस कार्यक्रमको लागी कूल रु.उन्नीस लाख उन्नासय हजार छ सय साठी ( भ्याट र कन्टिजेन्सी समेत) लागत अनुमान रहेको छ ।

## अनुसुची-१

## प्राविधिक प्रस्तावको ढाचाँ

१. परामर्श दाताको परिचय

(नाम, ठेगाना, सम्पर्क व्यक्ती, ईमेल आदी)

२. परामर्शदाताको अनुभव

३. विस्तृत विधी (methodology)

४. कार्ययोजना (Action plan)

५. जनशक्ती र उनीहरुको सहमती पत्र

६. अन्य आवश्यक विषय

## अनुसुची-२

## आर्थिक प्रस्तावको ढाचाँ

| क्र.स. | विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | जनशक्ती<br>क<br>ख<br>ग | | | | | |
| | वैठक/अन्तरकृया<br>छलफल<br>मसलन्द/सामग्री<br>सवार/यातायात<br>रिपोर्ट तयारी<br>विविध | | | | | |
| | जम्मा | | | | | |
| | मु.अ.कर | | | | | |
| | कूल जम्मा | | | | | |